# पालुङटार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
पालुङटार, गोरखा
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या:- ०७६/७७
चलानी नम्बर : - ११८३
मिति : २०७६/१२/०६

श्री सबै शिक्षण संघ संस्थाहरु
पालुङटार नगरपालिका, गोरखा

**बिषय: अत्यन्त जरुरी सूचना |**

प्रस्तुत बिषयमा शिक्षा, बिज्ञान तथा प्रबिधि मन्त्रालयको मिति २०७६/१२/०५ को अत्यन्त जरुरी सूचना यसै साथ संलग्न छ | व्यहोरा पत्र / सूचना बाट नै अवगत गरि सोहि अनुसार गर्नु गराउनु हुन अनुरोध गरिन्छ |

.................................
बाबुराम कारखेती
उपसचिव

नेपाल सरकार
# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

फोन नं.

पत्र संख्या:-
चलानी नं.:-

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मितिः २०७६।१२।०५

## अत्यन्त जरुरी सूचना

माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री ईश्वर पोखरेलज्यूको संयोजकत्वमा गठित COVID-19 संक्रमण, रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको मिति २०७६।१२।०५ गते बसेको बैठकले देहायका निर्णयहरु गरेको व्यहोरा सम्बन्धित सबैको जानकारी तथा कार्यान्वयनको लागि यो सूचना प्रकाशन गरिएको छ ।

१) २०७६ चैत ६ गतेदेखि संचालन हुन गइरहेको Secondary Education Examination (SEE), हाल सञ्चालनमा रहेका तथा आगामी दिनमा हुने गरी निर्धारण गरिएका सि.टि.ई.भि.टि. र विश्वविद्यालय तहका सम्पूर्ण परीक्षाहरु अर्को सूचना नभए सम्मका लागि स्थगित गर्ने ।

२) सरकारी, सामुदायिक तथा निजी क्षेत्रबाट सञ्चालित सबै प्रकारका बाल विकास केन्द्रहरु, आधारभूत तथा माध्यमिक विद्यालयहरु, शैक्षिक प्रतिष्ठानहरु र विश्वविद्यालयहरुको पठनपाठन २०७६ चैत मसान्त सम्म बन्द गर्ने ।

३) सरकारी, सामुदायिक तथा निजी क्षेत्रका तालिम केन्द्र तथा प्रतिष्ठानहरू एवं निजी क्षेत्रका शैक्षिक परामर्श केन्द्रहरुबाट सञ्चालित कार्यक्रमहरु २०७६ चैत मसान्तसम्मका लागि बन्द गर्ने । साथै अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्थाहरुबाट सञ्चालन हुने सबै प्रकारका तालिम, सेमिनार, गोष्ठी, सभा, सम्मेलन जस्ता कार्यक्रमहरु २०७६ चैत मसान्त सम्मका लागि बन्द गर्ने ।

दीपक शर्मा
सहसचिव एवं प्रवक्ता